


प्राचीन थाङ्का



लामाजातीका परम्परागत भेषभुषा



काँकेविहारबाट प्राप्त कलात्मक प्रस्तर मुर्तिका अवशेषहरु



काँकेविहारबाट प्राप्त फलामका हुकहरु



कनकसुन्दरी मन्दिर, जुम्ला लामा गुफाबाट प्राप्त अभिलेख सहितका चःचःहरु



सुल्या तथा गादल बनाउने सामाग्रीहरु

**प्रदेश संग्रहालय**

विरेन्द्रनगर, सुर्खेत

टेलिफोन : ०८३-५२१०७० फ्याक्स : ०८३-५२१०७०

मंगलवार बाहेक प्रत्येक दिन विहान ० देखि साँझ पाँच बजेसम्म खुल्ला रहनेछ।

# प्रदेश संग्रहालय

विरेन्द्रनगर, सुर्खेत

## संक्षिप्त परिचय




प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**प्रदेश संग्रहालय**

कर्णाली प्रदेश

विरेन्द्रनगर,सुर्खेत नेपाल

# प्रदेश संग्रहालय, सुर्खेत

## परिचय

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, एंव बहुसांस्कृतिक मुलुकको रुपमा परापुर्वदेखिनै रही आएको छ । सांस्कृतिक अनेकतामा एकता नै यहाँको विशिष्ट संस्कृतिको रुपमा रही आएको छ । आधुनिकीकरण लगाएत अन्य विभिन्न कारणले मुलुकको अमूर्त संस्कृति रुपान्तरण हुँदै गईरहेकोले परम्परागत लोक संस्कृतिको संरक्षण एंव संवर्द्धन गर्ने उद्देश्यले यो संग्रहालयको वि.सं. २०५७ साल साउन २ गते सोमवारका दिन विधिवत् रुपमा उद्घाटन गरी सर्वसाधारणका लागि प्रदर्शनीखुल्ला गरिएको हो । हाल आएर प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश अर्न्तगत वि.सं. २०७५ असोज ५ गते देखि प्रदेश संग्रहालयमा रुपान्तरण भएको छ । यस संग्रहालयले मुलतः शिक्षा प्रदान गर्ने, अध्ययन अनुसन्धान गर्ने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य लिएको छ ।

## संग्रहालयको प्रर्दशनी व्यवस्था :


वीरेन्द्रनगर नगरपालिका स्थित टुँडिखेलको पुर्वपट्टि यो संग्रहालय अवस्थित छ । नेपालको कर्णाली प्रदेश क्षेत्रमा विद्यमान इतिहास संस्कृति र पुरातत्वसँग सम्वन्धित वस्तुहरुको यस संग्रहालयले विषयवस्तु अनुसार वर्गिकरण गरी तत् बमोजिम विभिन्न कक्षहरुमा प्रर्दशनीको लागि राखेको छ । हाल दुइवटा भवनमा प्रर्दशनी व्यवस्था गरिएको छ । यस संग्रहालयले विभिन्न जातजातिहरुको मौलिक पहिचान झल्कने सांस्कृतिक महत्वका समाग्रीहरु तथा विभिन्न ऐतिहासिक र पुरातात्विक वस्तुहरुको संकलन, भण्डारण, संरक्षण र प्रर्दशन गरेर प्रदेश स्तरको बहुउद्देश्यीय संग्रहालयको रुपमा विकास र बिस्तार गर्ने कार्य गरिरहेको छ । यस संग्रहालयको हालको व्यवस्था तथा संचालन प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश अन्तरगत रहेको छ ।

## पहिलो कक्ष :


यस कक्षमा इतिहास तथा संस्कृतिसँग सम्वन्धित वस्तुहरुको संग्रहालयले विषयवस्तु अनुसार वर्गिकरण गरी प्रर्दशनीमा राखेको छ । विभिन्न जातजाति (मगर, थारु, राउटे, कुमाल) को संस्कृति झलक दर्शाउने मोडल अर्थात डायोरामा, महत्वपूर्ण गरगहना, परम्परागत भाडावर्तन, महत्वपूर्ण ऐतिहासिक हातहतियार परम्परागत नापतौलका एकाइगत समाग्रीहरु, अत्यन्तै महत्वपूर्ण विभिन्न मुल्य एव तिथिक्रमका मुद्राहरु, परम्परागत लोक बाजाहरु, तथा राउटे, मगर, थारु जातीका विभिन्न साकृतिक, सामाजिक पक्षलाई झल्काउने खालका फोटोहरु,काठको लहरु, नाउ, ढुङ्गा प्रदर्शनीमा राखिएको छ ।




काठको लहर/गाडा



परम्परागत पुजाआजा गर्दै मगर





परम्परागत भेषभूषामा सजियका राउटे तथा थारु डायरोमा



पृथ्वीनारायण शाहको समयको मोहर




काँकेविहार उत्खननबाट प्राप्त तामाका पालाहरु




परम्परागत चकुवा (चक्र) को सहायताले माटोको भाँडावर्तन बनाउँदै कुम्हाल पुरुष




परम्परागत लोक बाजाहरु

## दोस्रो कक्ष

यस कक्षमा विशेषगरी काँकेविहारवाट प्राप्त पुरातात्विक बस्तुहरु, कलात्मक प्रस्तर मुर्तिहरु, फलामका प्राचीन हुक, प्राचीन माटाका भाडाँका टुक्राहरु, जुम्लावाट प्राप्त माटोका चःचहरु त्यसै गरि हिमाली भेगको लामाहरुको संस्कृति झल्काउने भेषभुषा, भाडावर्तन परम्परागत तोरी पेल्ने काठको कोल, काठको मदुस, ढिकी, जातो, प्राचीन पानी घडी, थाङ्ग, माझि जातीसँग सम्बन्धित सामाग्री माछा मारने जाल , सुन चाल्न प्रयोग हुने काठका सामग्रीहरु प्रदर्शनीमा राखिएको छ ।



प्रस्तर शिवलिङ्ग



जुम्लाबाट प्राप्त काष्ठमूर्तिहरु